# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२/०५/१५

## प्रेस विज्ञप्ति

अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरण गर्ने सम्बन्धमा नेपाल पत्रकार महासंघ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबिचमा आज भएको सहमतिलाई महासंघले आंशिक सफलता ठानेको छ। यही भदौ ११ गते सूचना तथा सञ्चार प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई भेटेर महासंघले ७२ घण्टे अल्टिमेटम दिएको थियो।

मन्त्रालयका सचिव राधिका अर्याल र महासंघका अध्यक्ष निर्मला शर्मा सहितको प्रतिनिधिमण्डलबिच भएको छलफलमा अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को व्यवस्था बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना (पौष महिना भित्र) नवीकरण गराउनुपर्ने व्यवस्था भएको सन्दर्भमा अर्को व्यवस्था नभएसम्म प्रेस काउन्सिल नेपाल र नेपाल विज्ञापन बोर्डले अनलाइन सञ्चारमाध्यम सूचीकरणको कार्य यथावत् राख्न मन्त्रालयबाट पत्राचार गर्ने र सूचना तथा प्रसारण विभागले प्रेस प्रतिनिधि प्रमाणपत्र सो अवधिसम्म साविक बमोजिम नै जारी गर्ने सहमति भएको छ।

छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ मा भएको संशोधन बमोजिम अनलाइन सञ्चारमाध्यमलाई व्यवस्थापन गर्न तयार पारिएको छापाखाना र प्रकाशनसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ लाई १५ दिन भित्र स्वीकृत गर्न मन्त्रालयले आवश्यक पहल गर्ने र, नयाँ अनलाइन सञ्चारमाध्यम दर्ताका लागि निवेदन प्राप्त भएमा सूचना तथा प्रसारण विभागले क्रमसंख्या उल्लेख गरी संकलन गर्ने सहमति पनि भएको छ।

उल्लेखित सहमतिलाई महासंघले अस्थायी समाधानका रुपमा लिएको छ। मन्त्रालयले तत्काल आमसञ्चार सम्बन्धी विधेयक ल्याई अनलाइन दर्ता र नवीकरण स्थानीय तहबाट गराउने प्रतिवद्धता जनाएका कारण महासंघ अस्थायी प्रवन्धमा सहमत भएको हो।
स्थानीय अधिकारी (सिडिओ) कार्यालयमा अनलाइन दर्ता तथा नवीकरण गराउने ऐन को व्यवस्थासँग महासंघ पूर्णत असहमत छ, र मन्त्रालयसँग यस बारेमा आफ्नो असहमति प्रष्टसँग राखेको छ।
अतः महासंघ अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरण तत्काल स्थानीय पालिकामा गर्ने व्यवस्था मिलाउन सरकारसँग जोडदार माग गर्दछ। अन्यथा महासंघ आन्दोलित हुन बाध्य हुनेतर्फ सरकारलाई सचेत गराउँदछ।

**रामप्रसाद दाहाल**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org